लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

## सवारी साधन भाडामा लिने सम्बन्धी विस्तृत सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/१३**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/११/१३ गतेको निर्णय अनुसार वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यमा खटिने अग्नि नियन्त्रक दस्ता, सरोकारवालाहरुलाई परिचालन एवं जनचेतनामूलक प्रचारप्रसार र अन्य व्यवस्थापकीय कार्यका लागि डबल क्याप पिकअप सवारी साधन चालक सहित भाडामा लिन आवश्यक परेकोले ईच्छुक फर्म वा कम्पनी तथा सवारी धनीहरुले यो सूचना प्रकाशन भएको मिती देखि २०८२/११/२७ गतेभित्र निम्न शर्तहरुको अधिनमा रही ईन्धन बाहेक मासिक रुपमा के कति दररेटमा सवारी साधन भाडामा उपलब्ध गराउन सकिन्छ, यस कार्यालयमा रु. १०/- को टिकट टाँसी निवेदन साथ आवश्यक कागजातहरु पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

**१. व्यक्तिको हकमा :**

- नेपाली नागरिकताको प्रतिलिपी ।
- सवारी चालक अनुमतीपत्रको प्रतिलिपी (नवीकरण भएको), सवारी साधनको ब्लुबुकको प्रतिलिपी (नवीकरण भएको)
- सवारी साधनको तेश्रोपक्ष बीमाको प्रमाणित कागजातको प्रतिलिपी ।
- रु. १०/- को टिकट टासी ईन्धन बाहेक मासिक रुपमा उपलब्ध गराउने कर सहितको दररेट खुलाई लिखित निवेदन।

**२. कम्पनी वा फर्मको हकमा :**

- फर्म वा कम्पनी दर्ता, नवीकरण सम्बन्धि कागजातहरुको प्रमाणित प्रतिलिपी १-१ प्रति ।
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- सवारी चालकको चालक अनुमतीपत्रको प्रतिलिपी (नवीकरण भएको), सवारी साधनको ब्लुबुकको प्रतिलिपी (नवीकरण भएको) ।
- सवारी साधनको तेश्रोपक्ष बीमाको प्रमाणित कागजातको प्रतिलिपी ।
- रु. १०/- को टिकट टासी ईन्धन बाहेक मासिक रुपमा उपलब्ध गराउने कर सहितको दररेट खुलाई लिखित निवेदन।

**सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरु :**

- चालु अवस्थामा रहेको, कच्ची (जंगल, खोला बगर) बाटोमा जानसक्ने Double cap Pickup गाडी हुनुपर्नेछ ।
- डिजेलबाट चल्ने सवारी साधन हुनुपर्नेछ र सवारी प्रदुषण परिक्षणमा अयोग्य नभएको सवारी साधन हुनुपर्नेछ ।
- गाडीको ड्युटी स्टेशन डिभिजन वन कार्यालय कपिलबस्तु (गौतमबुद्ध) मा रहनेछ । सवारीधनीले सवारी साधन उपलब्ध गराउँदा सवारी चालक सहित उपलब्ध गराउनु पर्नेछ। सवारी चालक प्रचलित कानुन बमोजिम योग्य र कार्यालयले खटाएको बेला र खटाएको स्थानमा जुनसुकै बेलामा २४ सैं घण्टा विदाको समयमा समेत खटिन सक्ने हुनुपर्नेछ । चालकलाई आवासको व्यबस्था कार्यालयले गर्नेछ। खानाको व्यबस्था चालक स्वयंले नै गर्नुपर्नेछ ।
- सवारी साधनको ब्लुबुक नवीकरण भएको हुनुपर्ने ।
- सवारी साधन चलाउदा कुनै किसिमको सवारी दुर्घटना भवितव्य घटनाबाट हुनसक्ने सम्पूर्ण क्षेतीको दायित्व सवारी धनिले व्यहोर्नुपर्नेछ यसमा कार्यालय जवाफदेही हुनेछैन ।
- खपत हुने इन्धन कार्यालयबाट उपलब्ध गराईनेछ ।
- सवारी साधनको मर्मत कार्य सवारी धनी स्वंमले गर्नुपर्ने ।
- सवारी साधन भाडामा लिने अवधि ३ महिनाको लागि हुनेछ ।